# राष्ट्रिय परीक्षा बोर्ड
## माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा कक्षा १२
सानोठिमी, भक्तपुरको
परीक्षा सञ्चालन सम्वन्धी
**विज्ञप्ती**

**आदरणीय पत्रकार मित्रहरु !**

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा कक्षा १२ को वार्षिक परीक्षा मिति २०७४/०१/१० देखि २०७४/०१/२२ सम्म संचालनका लागि तर्जुमा गरिएको कार्य तालिका बमोजिम परीक्षा संचालन हुन लागेको व्यहोरा सबैमा अवगत नै छ । समय तालिका अनुसार परीक्षा पूर्व गर्ने गराउने आवश्यक सम्पूर्ण तयारी कार्य सम्पन्न गरि सकिएको छ । उक्त परीक्षामा सम्बन्धन प्राप्त ३७६५ विद्यालय मध्ये सामुदायिक विद्यालय–२७३९, संस्थागत-७४८, क्याम्पस–१२३ र ०+२-१५५ का कूल जम्मा ३,५३,०१२ परीक्षार्थीहरु (छात्र १७६६१२ र छात्रा १७६४००) सहभागी हुने छन् । जसमध्ये सबैभन्दा कम मनाङ्ग जिल्लामा **१०३** र **सबैभन्दा बढी काठमाण्डौं** जिल्लाबाट **५६५७४** परीक्षार्थी सामेल हुने छन् । नेपाल भर कुल **९९०** परीक्षा केन्द्रहरु निर्धारण गरिएको छ । जसमध्ये सबैभन्दा बढी काठमाडौं जिल्लामा ११० वटा र सबैभन्दा कम मनाङ/मुस्ताङ जिल्लामा १/१ केन्द्र निर्धारण गरिएको छ ।

परीक्षा संचालनका क्रममा केन्द्राध्यक्ष ९९०, सहायक केन्द्राध्यक्ष १६३९, निरीक्षक १७६५०, परीक्षा केन्द्रमा खटिने कर्मचारी १५७१, कार्यालय सहयोगी २१७० र सुरक्षाकर्मी ११८८० गरी कूल जम्मा ३५७०० परिचालित हुने छन् ।

परीक्षा आफैंमा संवेदनशील विषय भएको यथार्थ सबैसामु स्पष्ट छ । कक्षा १२ को वार्षिक परीक्षालाई पनि स्वच्छ, मर्यादित, अनुशासित, व्यवस्थित र विद्यार्थीमैत्री बनाउन एवं प्रभावकारी वातावरण निर्माण गर्नका लागि परीक्षा अवधिभर बन्द अड्ताल नगरी भय रहित वातावरणमा परीक्षा संचालन गर्न सहयोग पुऱ्याइ दिनु हुन सम्पूर्ण राजनैतिक दल, तिनका भातृ संगठन, अभिभावक, शिक्षक, पत्रकार तथा सरोकारवालाहरु सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**परीक्षालाई व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउन निम्न अनुसार व्यवस्था गरिएको छ ।**

**अनुगमन/निरीक्षण**

- प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा प्रत्येक जिल्लामा जिल्ला परीक्षा समन्वय समिति गठन भएको ।
- नेपाल सरकार शिक्षा मन्त्रालय, क्षेत्रीय शिक्षा निर्देशनालयबाट अनुगमनको व्यवस्था मिलाइएको ।
- उपत्यका भित्रका केन्द्रहरुको परीक्षा अनुगमनको लागि विशेष व्यवस्था मिलाइएको ।

**सूचना सम्प्रेषण:**

- परीक्षा सञ्चालन हुने दुई दिन अघिदेखि परीक्षा संचालन अवधिभर सूचना आदान प्रदान गर्न उप-नियन्त्रकको नेतृत्वमा फोन नं. ०१-६६३८१४९, ६६३०७४७ र फ्याक्स नं. ६६३९००१ भएको परीक्षा कन्ट्रोल रुपको व्यवस्था गरिएको ।
- परीक्षा अवधिभर परीक्षा सम्बन्धी आवश्यक सूचना सम्प्रेषण गर्न सूचनाबोर्ड १६१८०१६६३९००२ को व्यवस्था गरिएको ।

**मोवाईल फोन निषेध:**

- परीक्षा संचालन अवधिभर परीक्षा समन्वय समिति, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, शिक्षा मन्त्रालय, क्षेत्रीय शिक्षा निर्देशनालय र राष्ट्रिय परीक्षा बोर्डका जिम्मेवार अधिकारी बाहेकलाई परीक्षा केन्द्रमा मोवाइल फोन लैजान पूर्णत: निषेध गरिएको छ ।
- परीक्षार्थीहरुलाई परीक्षा हलभित्र स्मार्ट घडी लगायत इलेक्ट्रोनिक्स डिभाइस (क्याल्कुलेटर बाहेक) लैजान निषेध गरिएको छ ।

**विशेष व्यवस्था:**

- कम श्रवणशक्ति भएका, दृष्टिविहिन वा सुस्त मनस्थिति वा अन्य प्रकृतिको अपांगता भएका परीक्षार्थीहरुका लागि परीक्षा दिने विशेष व्यवस्था गरिएको छ ।
- कारागार वा बालसुधार गृहमा रहेका परीक्षार्थीहरुलाई परीक्षा दिने व्यवस्था मिलाइएको छ ।

**अन्य व्यवस्था:**

- सरकारी संयन्त्रलाई पूर्ण रुपमा परिचालन गरिएको ।

- परीक्षा समन्वय समितिलाई पूर्ण जवाफदेही र अधिकार सम्पन्न बनाइएको ।
- परीक्षा सञ्चालन सम्वन्धमा सुरक्षा निकायका प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम गरिएको ।
- जिल्ला परीक्षा समन्वय समितिहरुको बैठक बसी परीक्षालाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्ने सम्वन्धमा आवश्यक व्यवस्था भएको ।
- परीक्षामा अमर्यादित काम कारवाही गर्ने व्यक्तिलाई ६ महिना कैद र १ लाखसम्म जरिवानाको व्यवस्था भएको ।
- जिल्ला परीक्षा समन्वय समिति वा परीक्षा नियन्त्रकको अनुमति/प्रवेशपत्र विना जो कोहीलाई पनि परीक्षा केन्द्रमा प्रवेश गर्न नदिने व्यवस्था गरिएको ।
- परीक्षालाई मर्यादित, अनुशासित र व्यवस्थित रुपमा संचालन गर्न परीक्षा केन्द्रमा निरीक्षक नियुक्ति गर्दा सकभर क्याम्पस/विद्यालय र परीक्षा सम्वन्धी काममा अनुभव भएका शिक्षक कर्मचारीहरु मध्ये जो जसलाई नियुक्ति गर्दा उपयुक्त हुन्छ सोहि अनुसार नियुक्ति गर्न जिल्ला परीक्षा समन्वय समितिले केन्द्राध्यक्षलाई निर्देशन दिन सक्ने व्यवस्था भएको ।
- परीक्षाको मर्यादा पालना नगरेको भन्ने कुरामा जिल्ला परीक्षा समन्वय समिति विश्वस्त भएमा तत्काल केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र निरीक्षकलाई परिवर्तन गर्न सक्ने अधिकार रहेको छ ।
- विगतका परीक्षाहरुमा परीक्षाको मर्यादा उल्लघंन गरी कारवाहीमा परेका व्यक्तिहरु केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष वा निरीक्षकमा नियुक्ति भएको पाइएमा जिल्ला परीक्षा समन्वय समितिले फेरबदल गर्न सक्ने व्यवस्था मिलाइएको ।
- परीक्षाको मर्यादा विपरित Mass Cheating भएको पाइएमा त्यस्तो परीक्षा केन्द्र खारेज गर्न सिफारिस गर्ने अधिकार जिल्ला परीक्षा समन्वय समितिलाई दिइएको ।

**आदरणीय पत्रकार मित्रहरू,**

अन्त्यमा, परीक्षा पूर्व गर्नु पर्ने तयारी अन्तर्गत परीक्षा केन्द्र निर्धारण, केन्द्राध्यक्ष गोष्ठी, पाँचै विकास क्षेत्रका क्षेत्रीय प्रशासकज्यूको अध्यक्षतामा क्षेत्र अन्तर्गतका क्षेत्रीय एवं जिल्ला सुरक्षा निकायहरूसँग अन्तरक्रिया, गोप्य सामग्रीको व्यवस्थापन, अनुगमन निरीक्षण लगायत सम्पूर्ण तयारी पुरा भएको हुँदा परीक्षाको गोपनियता, मर्यादा, सम्वेदनशीलता र विश्वसनियता कायम गर्नु हामी सबैको दायित्व हो भन्ने कुरा हृदयंगम गर्दै स्वच्छ र मर्यादित परीक्षा सञ्चालन गर्ने काममा सबै पक्षबाट उच्च सतर्कता, सजगता र सद्भावसहित पूर्ण सहयोगको अपेक्षा गर्दछु । र, राष्ट्रिय परीक्षा बोर्डको वार्षिक परीक्षारुपी महान अभियानमा सहयोग पुऱ्याइ रहनु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद !**

परीक्षा नियन्त्रक